# श्री सर्वोच्च अदालतमा चढाएको
# निवेदन-पत्र

**विषय : नेपालको संविधानको धारा ४६/१३३ बमोजिम परमादेशको आदेश जारी गरी पाउँ ।**

का.जि.का.म.न.पा.वडा नं.११ स्थित रहेको शिखर ल एशोसियटस् प्रा.लि.का प्रमुख दाङ जिल्ला तुलसीपुर उप महानगरपालिका वडा नं.१२ स्थायि वतन भई हाल जिल्ला भक्तपुर चाँगुनारायण नगरपालिका वडा नं.२ निवासी अधिवक्ता अनिल आचार्य(प्र.प.नं.१६३२६)...१

का.जि.का.म.न.पा.वडा नं.३२ मा दर्ता कार्यालय रहेको कानून खबर प्रा.लि. का प्रधान सम्पादक सुमन कुमार लुइटेल..........................................................................१ *निवेदक*

समेत जना २ को वारेस भई आफ्नो हकमा समेत का.जि.का.म.न.पा.वडा नं.३० मा दर्ता कार्यालय रहेको बिड मिडिया प्रा.लि.का अध्यक्ष बिकल गिरी......................................१

*विरुद्ध*

प्रधानमन्त्रि तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौं..............................१

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं...................................१

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौ.........................१

सूचना तथा प्रसारण बिभाग, संचारग्राम, तिलगंगा, काठमाडौं..................................१ *प्रत्यार्थी*

प्रेस काउन्सिल नेपाल, संचारग्राम, तिलगंगा, काठमाडौं.........................................१

संघीय संसद सचिवालय, काठमाण्डौ..................................................................१

सम्माननीय सभामुख श्री देवराज घिमिरे प्रतिनिधि सभा, काठमाण्डौ...........................१

सम्माननीय अध्यक्ष श्री गनेश प्रसाद तिमिल्सिना राष्ट्रिय सभा, काठमाण्डौ...................१

**मुद्दा : उत्प्रेषणयुक्त परमादेश ।**

हामी निवेदक सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२(क)(ख), ४०, ४१,४२,४९ बमोजिम लाग्ने दस्तुर यसै साथ राखि निम्नलिखित व्यहोराको निवदन गर्दछौ ।

(१)हामी निवेदक आफ्नो राष्ट्र, राष्ट्रियता र संविधानवाद प्रति सचेत नेपालि नागरिक हुनुका साथै कानुन व्यवसायी र संचारकर्मीहुनुको नाताले यसमा हाम्रो सार्थक सम्वन्ध रहेको र यस परिवर्तित कानूनले हामिलाई तात्विक असर पार्ने भएकोले हकदैया समेत रहेको छ । यस विषयमा अन्य प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था रहेको छैन । सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४०(ख) बमोजिम प्रस्तुत विषयमा यस अघि सम्मानित अदालतमा उपचार समेत खोजेका छैनौ ।

(२)हामी निवेदक देशको सामाजिक न्याय, अन्तराष्ट्रिय कानून तथा नागरिकको अधिकार अन्तर्गत नेपाल सरकारले पुरा गर्नु पर्ने दायित्व प्रति राज्यको ध्यान आकृष्ट गराउनुका साथै संबिधान प्रदत्त नेपालि नागरिकका मौलिक हकहरु निसर्त कार्यान्वयन गर्नको लागि समेत राज्यलाई झकझकाउदै आएका छौ । जनता प्रति उत्तरदायि सरकारले गर्ने हरेक कार्यहरु जनताको भावनालाई समेटने प्रकृतिको हुन आवस्यक हुन्छ । तर, सरकारले केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन, २०८२ मार्फत अनलाइन संचारमाध्यमलाई बन्देज लगाउने गरी छापाखाना तथा प्रकाशन सम्वन्धी ऐन, २०४८ मा संसोधन गरी मितिः२०८२/४/१४ गते राजपत्रमा प्रकासन गरी कार्यान्वयनमा ल्याइएको थियो ।

(३)सरकारले छापाखाना तथा प्रकाशन सम्वन्धी ऐन, २०४८ मा दफा ७ख थप गरी देहायको व्यवस्था गरेको छ । ७ख.अनलाईन सञ्चारमाध्यम दर्ता गर्नु पर्नेः (१)अनलाईन सञ्चारमाध्यम संचालन गर्न चाहने ब्यक्तिले त्यस्तो संचारमाध्यम दर्ता गनृको लागि तोकिएको दस्तुर सहित तोकिएको ढाचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ । (२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर स्थानिय अधिकारीले आवस्यक जाचबुझ गरी दर्ता गर्न उपयुक्त देखिएको अनलाईन सञ्चार माध्यम दर्ता गर्न सक्नेछ । (३) अनलाईन संचारमाध्यम दर्ता, संचालन, नबिकरणसम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भनि संसोधन गरिएको छ । सञ्चारमाध्यमको दर्ता र नविकरणको विषय उपयुक्त लागेमा दर्ता गर्ने र उपयुक्त नलागेमा दर्ता गर्ने विषय होईन । यो संविधानमा सुरक्षित गरिएको संवैधानिक हकको अधिकारको विषय हो । सत्य, तथ्य र सूचनाको माध्यमले जनतालाई सुचित गर्ने देशको चौथो अंग संचारक्षेत्रलाई बन्देज लगाउने उद्देश्यले सविधानको धारा १९ संग बाझिने गरी छापाखाना तथा प्रकाशन सम्वन्धी ऐन, २०४८ मा संसोधन गरी मितिः२०८२/४/१४ गते राजपत्रमा प्रकासित गरिएको संसोधन र त्यसको आधारमा सूचना तथा प्रसारण विभागले मितिः२०८२/०४/२० मा यस बिभागबाट हुदै आएको अनलाइन पत्रिका दर्ता तथा नविकरणको कार्य स्थगन गरिएको ब्यहोराको पत्र समेतलाई बदर गरी अनलाइन सञ्चारमाध्यमको दर्ता र नविकरणलाई साविकको कानूनी ब्यवस्था बमोजिम नियमित गरी भनि सम्मानित अदालतको शरणमा आएका छौ ।

(४)अनलाईन माध्यमका पत्रिकाको दर्ता र नविकरण, पत्रकार एवं पत्रपत्रिकाको अभिलेखिकरण, प्रेस प्रतिनिधि प्रमाणपत्र वितरण लगाएतका सम्पूर्ण कार्यहरु सूचना तथा प्रसारण विभागले गर्दै आएको छ । अनलाईन मिडिया दर्ता, नविकरण तथा प्रेस पास लगाएतका सम्पूर्ण कार्यहरु पेपरलेस र

व्यवस्थित भएको छ। राज्यको डिजिटल अभियान बमोजिम सरकारी कामकाजलाई पेपरलेस बनाउने उद्देश्य मुताविक चलेको सूचना तथा प्रसारण विभाग जस्तो व्यवस्थित संस्थालाई समेत अस्तव्यस्त बनाई अनलाईन सञ्चारमाध्यम माथि अंकुस लगाउने दुराषयपूर्ण भावनाले सूचना तथा प्रसारण विभागले मिति:२०८२/०४/२० मा यस बिभागबाट अनलाइन संचारमाध्यम संचालन निर्देशिका, २०७३ बमोजिम हुदै आएको अनलाईन सञ्चारमाध्यम (अनलाइन पत्रिका) दर्ता तथा नविकरणको कार्य स्थगन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ भनि पत्राचार भएकोले अनलाईन सञ्चारमाध्यममा बन्देज लगाउने प्रवल संम्भावना देखिएकोले सविधानको धारा १९ संग बाझिने गरी छापाखाना तथा प्रकाशन सम्वन्धी ऐन, २०४८ मा संसोधन गरी मिति:२०८२/४/१४ गते राजपत्रमा प्रकासित गरिएको संसोधन तथा त्यसको आधारमा सूचना तथा प्रसारण विभागले मिति:२०८२/०४/२० मा यस बिभागबाट हुदै आएको अनलाइन पत्रिका दर्ता तथा नविकरणको कार्य स्थगन गरिएको व्यहोराको पत्र समेतलाई बदर गरी पाउन सम्मानित अदालतको शरणमा आएका छौ ।

(५)नेपालको संविधानको धारा १९ मा सञ्चारको हकलाइ मौलिक हकको रुपमा संवैधानि ग्यारेन्टी गरिएको छ । उपधारा १९(१) मा विद्युतिय प्रकाशन, प्रसारण तथा छापा लगाएतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख रचना वा अन्य कुनै पाठ्य, श्रब्य, श्रब्यदृष्य सामग्रीको प्रकाशण गर्न वा सूचना प्रबाह गर्न वा छाप्न पूर्व प्रतिवन्ध लगाइने छैन । उपधारा १९(२) मा कुनै श्रब्य, श्रब्यदृष्य वा विद्युतिय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकिय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रशारन गरे वा छाप् वापत त्यस्तो सामग्री प्रकाशन, प्रशारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिडल वा बिद्युतिय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन । उपधारा १९(३) मा कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगाएतका सञ्चार साधनलाई अवरुद्ध गरिनेछैन भन्ने संवैधानिक व्यवस्था गरिएको छ ।

(६)सञ्चार माध्यमको अनुगमन, मूल्याङ्कन गरी मर्यादित तथा जिम्मेवार बनाउन प्रेस काउन्सिल नेपालको महत्वपूर्ण भूमिका रहेको छ। प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम पत्रकारिताको पेसागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धनका लागि प्रेस काउन्सिलको स्थापना भएको र यसैका लागि क्रियाशील रहेको छ। वि.सं. २०४८ सालमा ऐन जारी भएतापनि प्रेस काउन्सिलको स्थापना २०२७ असोज ६ गते भएको हो । पत्रकार आचारसंहिताको पालनाबाट मर्यादित, जिम्मेवार पत्रकारिताको विकास गर्ने, प्रेस स्वतन्त्रताको संरक्षण सम्वर्द्धन गर्दै पत्रकार आचारसंहिता पालना गर्न उत्प्रेरित गर्नुका साथै नेपाल सरकार र सञ्चार माध्यमकाबिच पुलको रूपमा कार्य गर्ने अहम् जिम्मेवारी काउन्सिलको रहेको छ। काउन्सिलले पत्रकार आचारसंहिता उल्लङ्घनका विषयमा उजुरी सुन्ने, सो उपर अध्ययन अनुसनधान गरी आवश्यक कारबाही गर्ने, आचारसंहिता सम्बन्धी जागरण अभियान सञ्चालन गर्ने, आमसञ्चार माध्यममा आचारसंहिताको अनुगमन गर्ने, पत्रकारिताको विकासका लागि सरकारलाई सुझाव दिने प्रमुख कार्यहरु गर्दै आएको व्यहोरा सम्मानित अदालतलाई जानकारी गराउन चाहन्छौ ।

(७)अनलाईन माध्यमका पत्रिकाको दर्ता र नविकरण, पत्रकार एवं पत्रपत्रिकाको अभिलेखिकरण, प्रेस प्रतिनिधि प्रमाणपत्र वितरण लगाएतका सम्पूर्ण कार्यहरु सूचना तथा प्रसारण विभागले गर्दै आएको

छ । अनलाईन मिडिया दर्ता, नविकरण तथा प्रेस पास लगाएतका सम्पूर्ण कार्यहरु पेपरलेस र व्यवस्थित भएको छ। राज्यको डिजिटल अभियान बमोजिम सरकारी कामकाजलाई पेपरलेस बनाउने उद्देश्य मुताविक चलेको सूचना तथा प्रसारण विभाग जस्तो व्यवस्थित संस्थालाई समेत अस्तब्यस्त बनाई अनलाईन सञ्चारमाध्यम माथि अंकुस लगाउने दुराषयपूर्ण भावनाले सूचना तथा प्रसारण विभागले मिति:२०८२/०४/२० मा यस बिभागबाट अनलाइन संचारमाध्यम संचालन निर्देशिका, २०७३ बमोजिम हुदै आएको अनलाईन सञ्चारमाध्यम (अनलाइन पत्रिका) दर्ता तथा नविकरणको कार्य स्थगन गरिएको ब्यहोरा जानकारीका लागि अनुरोध छ भनि पत्राचार भएकोले अनलाईन सञ्चारमाध्यममा बन्देज लगाउने प्रवल संम्भावना देखिएकोले सविधानको धारा १९ संग बाझिने गरी छापाखाना तथा प्रकाशन सम्वन्धी ऐन, २०४८ मा संसोधन गरी मिति:२०८२/४/१४ गते राजपत्रमा प्रकासित गरिएको संसोधन तथा त्यसको आधारमा सूचना तथा प्रसारण विभागले मिति:२०८२/०४/२० मा यस बिभागबाट हुदै आएको अनलाइन पत्रिका दर्ता तथा नविकरणको कार्य स्थगन गरिएको ब्यहोराको पत्र समेतलाई बदर गरी पाउन सम्मानित अदालतको शरणमा आएका छौ ।

(८)अत: माथि उल्लिखित आधार कारण तथा मिसिल संलग्न प्रमाण कागजको आधारमा अनलाईन माध्यमका पत्रिकाको दर्ता र नविकरण, पत्रकार एवं पत्रपत्रिकाको अभिलेखिकरण, प्रेस प्रतिनिधि प्रमाणपत्र वितरण लगाएतका सम्पूर्ण कार्यहरु सूचना तथा प्रसारण विभागले पेपरलेस रुपमा ब्यवस्थित तरिकाले राज्यको डिजिटल अभियान बमोजिम सरकारी कामकाजलाई पेपरलेस बनाउने उद्देश्य मुताविक चलेको सूचना तथा प्रसारण विभाग जस्तो ब्यवस्थित संस्थालाई समेत अस्तब्यस्त बनाई अनलाईन सञ्चारमाध्यम माथि अंकुस लगाउने दुराषयपूर्ण भावनाले सूचना तथा प्रसारण विभागले मिति:२०८२/०४/२० मा यस बिभागबाट अनलाइन संचारमाध्यम संचालन निर्देशिका, २०७३ बमोजिम हुदै आएको अनलाईन सञ्चारमाध्यम (अनलाइन पत्रिका) दर्ता तथा नविकरणको कार्य स्थगन गरिएको ब्यहोरा जानकारीका लागि अनुरोध छ भनि पत्राचार भएकोले अनलाईन सञ्चारमाध्यममा बन्देज लगाउने प्रवल संम्भावना देखिएकोले सविधानको धारा १९ संग बाझिने गरी छापाखाना तथा प्रकाशन सम्वन्धी ऐन, २०४८ मा संसोधन गरी मिति:२०८२/४/१४ गते राजपत्रमा प्रकासित गरिएको संसोधन र त्यसको आधारमा सूचना तथा प्रसारण विभागले मिति:२०८२/०४/२० मा यस बिभागबाट हुदै आएको अनलाइन पत्रिका दर्ता तथा नविकरणको कार्य स्थगन गरिएको ब्यहोराको पत्र समेतलाई उत्प्रषणको आदेशले बदर गरी उक्त सूचना कार्यान्वयण नगर्नु नगराउनु भनि परमादेशको आदेश जारी गरी पाउ भनि सम्मानित अदालतको शरणमा आएका छौ ।

(९)**मागदावी:**

क. अनलाईन सञ्चारमाध्यम माथि अंकुस लगाउने दुषित भावनाले सूचना तथा प्रसारण विभागले मिति:२०८२/०४/२० मा यस बिभागबाट अनलाइन संचारमाध्यम संचालन निर्देशिका, २०७३ बमोजिम हुदै आएको अनलाईन सञ्चारमाध्यम (अनलाइन पत्रिका) दर्ता तथा नविकरणको कार्य स्थगन गरिएको ब्यहोरा जानकारीका लागि अनुरोध छ भनि पत्राचार भएकोले अनलाईन सञ्चारमाध्यममा बन्देज लगाउने प्रवल संम्भावना देखिएकोहुदा सविधानको धारा १९ संग बाझिने गरी छापाखाना तथा प्रकाशन सम्वन्धी ऐन, २०४८ मा संसोधन गरी मिति:२०८२/४/१४ गते राजपत्रमा प्रकासित गरिएको संसोधन तथा त्यसको आधारमा सूचना तथा प्रसारण विभागले

मिति:२०८२/०४/२० मा यस बिभागबाट हुदै आएको अनलाइन पत्रिका दर्ता तथा नविकरणको कार्य स्थगन गरिएको ब्यहोराको पत्र समेतलाई बदर गरी जनहित बिपरितको उक्त संसोधित कानून तथा पत्राचार उत्प्रेषणको आदेशले बदर गरी कार्यान्वयण नगर्नु नगराउनु भनि विपक्षीको नाउमा संविधानको धारा १३३(२)(३) बमोजिम परमादेशको आदेश जारी गरीपाँउ ।

ख. यस निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरी हेरी पाउँ ।

ग. संसोधित कानून र सो को आधारमा भएको पत्राचारले अनलाईन सञ्चारमाध्यममा बन्देज लगाउने प्रवल संम्भावना देखिएकोहुदा सविधानको धारा १९ संग बाझिने गरी छापाखाना तथा प्रकाशन सम्वन्धी ऐन, २०४८ मा संसोधन गरी मिति:२०८२/४/१४ गते राजपत्रमा प्रकासित गरिएको संसोधन तथा त्यसको आधारमा सूचना तथा प्रसारण विभागले मिति:२०८२/०४/२० मा यस बिभागबाट हुदै आएको अनलाइन पत्रिका दर्ता तथा नविकरणको कार्य स्थगन गरिएको ब्यहोराको पत्र कार्यान्वयन नगर्नु नगराउनु भनि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीको नाममा सुविधा सन्तुलनको रोहमा अन्तरिम आदेश समेत जारी गरिपाउँ ।

(१०)सर्बोच्च अदालत नियमावली, २०७४ बमोजिम लाग्ने दस्तुर यसै साथ संलग्न छ ।

(११)हामी निवेदक कानून व्यवसायी स्वयं तथा हामी निवेदकको तर्फवाट उपस्थित भई बहस पैरवी गर्ने तथा पेश गर्ने कागजातलाई समेत यस निवेदनको अभिन्न अंग मानी पाउँ ।

(१२)सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४३ बमोजिम समानान्तर अधिकार क्षेत्र प्रयोग गरी उपचार माग गरेका छैनौ ।

(१३)प्रमाण:

(क) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान ।

(ख) निवेदक कानून ब्यवसायीको प्रमाण पत्रको प्रतिलिपि ।

ग) मिति:२०८२/४/१४ गते राजपत्रमा प्रकासित गरिएको संसोधनको प्रतिलिपि ।

घ) मिति:२०८२/०४/२० मा यस बिभागले अनलाइन पत्रिकाको दर्ता तथा नविकरणको कार्य स्थगन गरिएको भनि निकालेको सूचनाको प्रतिलिपि ।

(१४)लेखिएको व्यहोरा ठिक साँचो हो, झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

वा. श्याम बहादुर ढकाल

इति सम्वत २०८२ साल श्रावन महिना.........गते रोज.........शुभम् ..........................................।